आज मिति २०७४ चैत्र ६ गतेका दिन यस शितगंगा नगरपालिका प्रमुख सूर्य प्रसाद अधिकारीज्यू को अध्यक्षतामा देहायको उपस्थिमा नगरकार्यपालिकाको कार्यालयमा नगरकार्यपालिको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

| | |
|---|---|
| १. | प्रमुख श्री सूर्य प्रसाद अधिकारी शितगंगा नगरपालिका |
| २. | उप प्रमुख श्री टिकाराम रेश्मी मगर शितगंगा नगरपालिका |
| ३. | सदस्य श्री बुद्धिकृष्ण पौडेल शितगंगा नगरपालिका |
| ४. | सदस्य श्री गोबर्धन थापा शितगंगा नगरपालिका |
| ५. | सदस्य श्री हेमनाथ भुसाल शितगंगा नगरपालिका |
| ६. | सदस्य श्री दामोदर अधिकारी शितगंगा नगरपालिका |
| ७. | सदस्य श्री कमल पौडेल शितगंगा नगरपालिका |
| ८. | सदस्य श्री ऋषि बहादुर रेश्मी शितगंगा नगरपालिका |
| ९. | सदस्य श्री मोहन प्रसाद पन्थी शितगंगा नगरपालिका |
| १०. | सदस्य श्री रुक बहादुर आले शितगंगा नगरपालिका |
| ११. | सदस्य श्री भिम बहादुर के.सी. शितगंगा नगरपालिका |
| १२. | सदस्य श्री हिम्मत पोखरेल शितगंगा नगरपालिका |
| १३. | सदस्य श्री कोपिलचन्द्र आले शितगंगा नगरपालिका |
| १४. | सदस्य श्री बावुराम गैरे शितगंगा नगरपालिका |
| १५. | सदस्य श्री दुर्गा बहादुर वि.सी. शितगंगा नगरपालिका |
| १६. | सदस्य श्री दामोदर न्यौपाने शितगंगा नगरपालिका |
| १७. | सदस्य श्री पवित्रा थापा गैरे शितगंगा नगरपालिका |
| १८. | सदस्य श्री जीवा पौडेल शितगंगा नगरपालिका |
| १९. | सदस्य श्री शान्ता अधिकारी शितगंगा नगरपालिका |
| २०. | सदस्य श्री कमला वेल्वासे शितगंगा नगरपालिका |
| २१. | सदस्य श्री अर्चना राना मगर शितगंगा नगरपालिका |
| २२. | सदस्य श्री राम बहादुर दर्नाल शितगंगा नगरपालिका |

२३. सदस्य श्री विष्णु बहादर परियार शितगंगा नगरपालिका

२४. सदस्य श्री गोपाल वि.क. शितगंगा नगरपालिका

२५. सदस्य सचिव श्री हरि नारायण बेल्वासे शितगंगा नगरपालिका

सहयोगी कर्मचारीहरु

१. श्री तुकमान पुन मगर लेखा अधिकृत

२. श्री नुमलाल खनाल ना.सु. शितगंगा न.पा.

३. श्री ओम प्रकाश पाण्डे नायव सुव्वा शि.न.पा.

४. श्री मधु पौडेल आईटी अफिसर शि.न.पा.

५. श्री लक्ष्मी भट्टराई क. सहायक शिनपा

६. श्री प्रकाश अधिकारी का.स. शिनपा

बैठकका एजेन्डा (प्रस्तावहरु) :-

१. नगर पालिकाको जग्गा छनौट सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको जग्गा व्यावस्थापन गर्न गठीत समितिले नगरपालिकाको पूर्वाधार विकास समितिलाई आवश्यक निर्णयको लागि गरेको सिफारीसका आधारमा सो समितिले (पूर्वाधार विकास समिति) पेश गरेको निम्न बमोजिमको प्रतिवेदनलाई आजको नगर सभाको बैठकमा निर्णयको लागि पेश गर्ने निर्णय गरियो ।

## पूर्वाधार समितिको प्रतिवेदन

निर्णयहरु

निर्णय नं. १ नगरपालिकाको केन्द्र संग विभन्न पूर्वाधार जन्य भवनहरु निर्माणको लागि निर्माण निःशुल्क जग्गा उपलब्ध गराउने भनि विभिन्न स्थानका चार जग्गा दाताहरुबाट उपलब्ध गराउने भनिएका जग्गाहरुमा तपशिल बमोजिम कार्यालयहरु स्थापना गर्ने गरी जग्गादाताहरुले नगरपालिकाको नाममा स्वामीत्व हस्तान्तरण गर्नु पर्ने गरी नगरसभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

२. तपशिलका कार्यालयहरु तपशिल बमोजिमका स्थानहरुमा स्थापना गर्ने गरि नगर सभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

| थर्पु | साहुटोला | टुडीखेल | सानादह |
|---|---|---|---|
| सभागृह | नगरपालिका | इलाका प्रशासन | मालपोत |
| खेलकुद | सहरी विकास | महिला विकास | नापी |
| उद्योग विकास | सहकारी | दमकल | वसपार्क |
| कृषि | शिक्षा | एम्बुलेन्स | सिंचाई |
| पशु | स्वास्थ्य | हुलाक | खानेपानी, सरसफाई |
| वन | | | रेडक्रस |
| | | | उ.वा.संघ |
| | | | भू संरक्षण |

३. निःशुल्क रुपमा उपलब्ध गराउने भनिएका जग्गाहरु नगरपालिकाको नाममा स्वामित्व हस्तान्तरणको लागि जग्गा धनि प्रमाण सहित कागजात मंजुरी नामा लिखित कित्ता सहित जग्गा धनिको मजुरीनामा ३० दिन भित्र नगरपालिकामा पेश गर्न लागाई यथासिघ्र रजिष्टेसन पास गर्नेव्यावस्था मिलाउन सिफारीस गर्ने निर्णय गरियो ।

४. कुनै जग्गा धनिले माथि उल्लेखित जग्गा उपलब्ध अस्वीकार गरेमा उक्त स्थानमा प्रस्ताव गरिएका कार्यालयहरु अन्य शिफारीस भएका जग्गामा व्यावस्थापन गर्ने गरी गर्न सिफारीस गर्ने निर्णय गरियो ।

५. नगरपालिकाले प्राविधिक खटाई उल्लेखित जग्गाको नापजाच साध सिमाना एकिन गर्न समेत सिफारीस गने निर्णय गरियो ।

निर्णय नं. २ नगरपालिकाको नक्सापास एवं जग्गाको नापजाचको लागि एक जना नापी (अमीन) चालु आ.व. ०७४/०७५ को लागि कारार सेवामा नियुक्तिको लागि सूचना प्रकाशन गरी नियुक्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ शितगंगा नगरपालिका ९ नं वडा समितिको बैठकको निर्णय अनुसार वडा तर्फको रकमबाट वडा कार्यालय भवन पाकुरीको लागि रु ३०००००।- विनियोजन भएकोमा उक्त भवनको

रकम हटाई वडा कार्यालय भवन लौरीमा थप गरी कार्यान्वयन गरी दिन भनि माग भई आएकोमा उक्त अनुसार गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद- ३ को दफा ११ (२) घ ले दिएको अधिकार अर्न्तगत शितगंगा नगरपालिकाको भुगोल चुरेक्षेत्र भित्र पर्ने र सो क्षेत्रमा भू-क्षयको जोखिम उच्च भएकाले प्रकोप जोखिम न्यूनिकरण एवं वातावरण संरक्षणमा प्राथमिकताका साथ न.पा.ले लगानी गर्नु पर्ने भएकाले यस न.पा. भित्रबाट निकासी हुने काठ दाउरा (निजी, सरकारी एवं सामुदायिक वन) मा विक्री परिमाणको १० प्रतिशत रकम न.पा.को वातावरण संरक्षण कोषमा दाखिला गरेपछी मात्र छुटपुर्जी दिने व्यवस्था कार्यान्वयन हुन जिल्ला वन कार्यालयलाई लेखि पठाउने निर्णय गरियो । साथै उक्त निर्णय अनुमोदन को लागि आजको नगर सभाको बैठकमा पेश गर्ने ।

निर्णय नं. ५ यस शितगंगा नगरपालिका वडा नं. ३ र ४ मा ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समितिको आर्थिक सहयोगमा संचालित तपशिलका खानेपानी योजनामा श्रमदान बढी भई योजना कार्यान्वयनमा समस्या उत्पन्न भएकाले मुख्य पाईप लाईन खन्ने पुर्ने तथा अन्य संरचना निर्माणको लागी निम्न अनुसारको रकम विनियोजन गर्ने निर्णय गरियो । साथै उक्त रकम म्याचिङ्ग शिर्षकबाट विनियोजन गर्ने ।

तपशिल

१ बावन्ने खा.पा. योजना शिनपा ३ अ.खा. रु ६,५०,०००।-

२. जोगिनीकोट अमराई खा.पा.योजना शिनपा ४ रु ४,२५,०००।-

३. रानाखोला छेडा खानेपानी योजना शिनपा ४ रु ३,५०,०००।-

४. पानीपाटा रातामाटा खानेपानी योजना शिनपा रु ३,५०,०००।-

निर्णय नं. ५ शिनपा वडा नं. ३ तर्फको वजेट विनियोजन गर्दा जेष्ठ नागरिक सम्मान शिर्षमा विनियोजित रकम रु ७५,०००।- को कार्यक्रम हटाई सो को सट्टा साविक ठाडा ९ नं. का किसानहरुलाई मल र विउपल वितरण गर्ने गरी योजना संसोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ विभिन्न कार्यक्रमहरु संचालनको लागि पेश्की लिई संचालन गर्नु पर्ने अवस्था भएको र कतिपय वडाहरुमा वडा सचिव समेत नभएकोले कार्यक्रम संचालनमा ढिलाई भई रहेको हुँदा उक्त कार्यक्रमहरु संचालनको लागि अवश्यक्ता अनुसार वडा अध्यक्ष वा वडा सचिवको नाममा पेश्की दिई कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ यस शितगंगा नगरपालिका ठाडामा विद्युत प्राधिकरण बाट प्राप्त सिमेन्ट पोल र जिल्ला समन्वय समितिबाट प्राप्त स्टील पोल विभिन्न वडाहरुमा ढुवानी गरी लैजादा भएको ढुवानी खर्च विल भरपाईका आधारमा भुक्तानी दिने निर्णय गरियो । साथै जिल्ला समन्वय समितिबाट ठाडा सम्म ल्याउदाको रकम समेत भुक्तानी दिने ।